## भानु नगरपालिकाको २०७६/०१/१७ गतेको नगरकार्यपालिका वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।

**प्रस्तावहरु**

**१) योजना कार्यान्वयन स्थिती र वडा समिति परिचालन सम्वन्धमा ।**
**२) भानु जन्मस्थलका कर्मचारीहरुको आन्तरिकीकरण सम्वन्धमा ।**
**३) अनुगमन सम्वन्धमा ।**
**४) आम्दानी तथा पूँजिगत खर्च प्रगती सम्वन्धमा ।**
**५) भानु जयन्ती एवं पोशाक सम्वन्धमा ।**
**६) भानु जन्मस्थल विकास समितिको बजेट विभाजन सम्वन्धमा ।**
**७) शहरी विकास आयोजनाको कार्यक्षेत्र विस्तार सम्वन्धमा ।**
**८) प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा ।**
**९) लक्षित वर्गको कार्यक्रम संचालन सम्बन्धमा ।**
**१०) सडक निर्माण कार्यमा विष्फोटक पदार्थ प्रयोग गर्ने सम्बन्धमा ।**

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ योजना कार्यान्वयन स्थिती र वडा समिति परिचालन सम्वन्धमा ।**

**निर्णय नं. १** नगरपालिकाद्वारा सवै वडाहरुमा स्वीकृत योजनाहरु स्थानीय उपभोक्ताहरु मार्फत सञ्चालन भईरहेकोमा सवै योजनाहरुको प्रतिफलमुखी एवं उपलब्धीमूलक ढंगबाट सम्पन्न गराई परिणम उन्मुख गराउन सवै वडा अध्यक्ष ज्यूहरु बाट आ-आफ्ना वडाका वडा सदस्यहरुलाई अनिवार्य रुपमा परिचालन गरी समयावधि भित्रै गुणस्तरीय कार्य सम्पादन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ भानु जन्मस्थलका कर्मचारीहरुको आन्तरिकीकरण सम्वन्धमा ।**

**निर्णय नं. २** संस्कृती पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको मिति २०७५/०६/०८ को निर्णय बमोजिम भानु जन्मस्थल विकास समितिलाई यस नगरपालिकामा हस्तान्तरण गरिएकोमा उक्त समितिका कर्मचारीहरुलाई आन्तरिकीकरण गर्ने तथा यस अघि सो समितिका कर्मचारीहरुको करार निरन्तरतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ अनुगमन सम्वन्धमा ।**

**निर्णय नं. ३** नगरपालिकाद्वारा स्वीकृत तथा प्रदेश एंव संघ सरकारबाट अख्तियार प्राप्त उपभोक्ता समिति मार्फत सम्पादन गरिएको सम्पूर्ण योजनाहरुको अनिवार्य रुपमा वडास्तरिय अनुगमन समितिद्वारा अनुगमन गरि तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन सिफारिस साथ पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ आम्दानी तथा पूँजिगत खर्च प्रगती सम्वन्धमा ।**

**निर्णय नं. ४** भानु नगरपालिकाको चैत्र मसान्त सम्मको आम्दानी तथा पूँजिगत प्रगति निम्नानुसार जानकारी गराइयो ।

**निम्नानुसार**

आम्दानी तर्फ

आन्तरिक आम्दानीः
१) १२ करोड ८ लाखः अनुमानित
२) ९ करोड ५२ लाखः मौज्दात
३) १ करोड ३६ लाखः खुद आम्दानी

खर्च तर्फ

चालु खर्च तर्फः
१) २७ करोड ६० लाखः खर्च
२) ४९ करोड ५९ लाखः अनुमानित

पूँजिगत खर्च तर्फ
१) २५ करोड ९३ लाखः अनुमानित
२) ४ करोड १५ लाखः

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्ताव नं. ५</u> भानु जयन्ती एवं पोशाक सम्वन्धमा ।**

**<u>निर्णय नं. ५</u>** भानु नगरपालिकाभित्र रहेका सरकारी कार्यालय, सरकारी तथा सार्वजनिक, संघ संस्था, विद्यालयहरुमा असार २९ गते भानु जयन्तीका दिन सार्वजनिक विदा गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो साथै भानुभक्तको सम्मान तथा यस नगरपालिकाको पहिचान झल्काउने उद्देश्यका साथ भानु नगरपालिकाको सवै कर्मचारी तथा जनप्रतिनिधिहरुले अनिवार्य रुपमा कार्यालय समय भित्र भानुभक्तीय टोपी लगाउने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ६</u> भानु जन्मस्थल विकास समितिको बजेट विभाजन सम्वन्धमा ।**

**<u>निर्णय नं. ६</u>** भानु जन्मस्थल विकास समितिको सञ्चालन व्यवस्थापनका लागि प्राप्त अख्तियारी बमोजिमको बजेटलाई तपशिल बमोजिम शिर्षकमा विभाजन गर्ने निर्णय गरियो ।

चालु तर्फ तलब भत्ता रु. ७,६०,३२०। (सात लाख असी हजार)
कार्यालय सञ्चालन रु. ३९,६८०। (उनन्चालिस हजार छ सय असी)
पूँजिगत निर्माण खर्च रु. १०,००,०००। (दश लाख)

**<u>प्रस्ताव नं. ७</u> शहरी विकास आयोजनाको कार्यक्षेत्र विस्तार सम्वन्धमा ।**

**<u>निर्णय नं. ७</u>** नयाँ शहर आयोजनाको कार्यक्षेत्र भानु नगरको साविकमा सिमित क्षेत्रमा मात्र कार्य गरिएकोमा उक्त आयोजनाको कार्यक्षेत्र वृहत भानुको १३ वटै वडाहरुसम्म कायम रहने गरी कार्यक्षेत्र विस्तार गर्नका लागि सम्वन्धित विकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ८</u> प्राविधिक कर्मचारी करारमा लिने सम्बन्धमा ।**

**<u>निर्णय नं. ८</u>** नेपाल सरकारद्वारा स्वीकृत दरवन्दि बमोजिम नगरपालिकाको वडाहरुमा रिक्त प्राविधिक पदहरुमा पछि समायोजन भई प्राविधिक कर्मचारी हाजिर हुँदा वा लोकसेवा आयोगवाट सिफारिस गरि पठाएको अवस्थामा स्वत: अवकाश हुने गरी करार सेवामा विज्ञापन मार्फत प्रतिस्पर्धात्मक विधिबाट नियुक्त गर्ने निर्णय गरियो । उक्त पदहरुबाट गुणत्मक सेवा प्राप्त गर्नका लागि माथिल्लो योग्यता एवं कम्प्यूटर सीपलाई वाञ्छनिय योग्यताको रुपमा कायम गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं. ९</u> लक्षित वर्गको कार्यक्रम संचालन सम्बन्धमा ।**

**<u>निर्णय नं. ९</u>** नगरसभाबाट स्वीकृत कार्यक्रम मध्येबाट लक्षित वर्गहरुलाई पेशागत व्यवसायिक रुपले सीप हस्तान्तरण गर्नका लागि तपशिल बमोजिमको रोजगारमूलक सीप तथा क्षमता विकास सम्वन्धि तालिमहरु अविलम्व सञ्चालन गर्ने निर्णय गरियो । उक्त तालिम विनियोजित सम्वन्धित लक्षित कार्यक्रमहरुबाट समायोजन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

१) लोकसेवा आयोग तयारी कक्षा
२) भानुभक्तीय टोपी बनाउने तालिम

**<u>प्रस्ताव नं. १०</u> सडक निर्माण कार्यमा विष्फोटक पदार्थ प्रयोग गर्ने सम्बन्धमा ।**

**<u>निर्णय नं. १०</u>** भानु नगरक्षेत्रभित्र निर्माण गरिने मानेचौका राईपाली भञ्ज्याङ्ग मोटर मार्गको कडा चट्टान फोर्न मेशिन बाट सम्भव नहुने भएकोले विष्फोटक पदार्थ प्रयोग गरी विष्फोटन मार्फत सडक निर्माण गर्नका लागि लागत खर्च नगरपालिकाद्वारा व्यहोरिने गरि आवश्यक व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय, तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।